Vol. 4 | Issue 1, 2025
DOI : https://doi.org/10.3126/tmj.v4i1.87446

खस मातृभाषामा शिक्षण र यसको अवस्था

रणबहादुर रावत (संजीव गाउँले)

email : sanjeevktwoh@gmail.com

ग्राजुयाट स्कुल अफ एजुकेसन, शिक्षार्थी, कीर्तिपुर

Received : May 11, 2025 Revised : July 4, 2025 Accepted : September 5, 2025

लेखसार

प्रस्तुत लेख खस मातृभाषामा शिक्षणको प्रयोग र त्यसको प्रभावकारिताको खोजी तथा अध्ययनसँग सम्बन्धित छ। खस मातृभाषामा शिक्षणको अवस्था यकिन गरेर त्यसको प्रभावकारिता पहिचानका लागि आवश्यक मार्गको खोजी गर्ने उद्देश्य रहेको यस अनुसन्धानात्मक लेखलाई मिश्रित ढाँचामा अघि बढाइएको छ। परिमाणात्मक उपकरणको प्रयोग गरी सङ्कलन गरिएको तथ्याङ्कलाई क्एक्क मा विश्लेषण गरेर त्यसबाट प्राप्त नतिजाअनुसार नेपाली भाषामा भन्दा खस भाषामा विद्यार्थीहरु कमजोर देखिएपछि कमजोर हुनुका कारण पहिचान गर्न उद्देश्यमूलक ढङ्गले नमुना छनोट गरेर अनौपचारिक अन्तर्वार्ता र संवादका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी गुणात्मक तरिकाबाट विषयगत (थिम्याटिक) विश्लेषण गरिएको छ। नेपालीमा भन्दा खस भाषामा विद्यार्थीहरुको नतिजा राम्रो हुन नसक्नुमा खस भाषाका वर्णगत समस्याहरु समाधान नगरी शिक्षण कार्य थाल्नु र आवश्यक अन्य पूर्व तयारी एवम् शिक्षकहरुलाई तालिम तथा प्रबोधीकरण नगरी कार्यान्वयनमा जानु नै मुख्य कारक रहेको निष्कर्ष यस अध्ययनबाट निकालिएको छ। आवश्यक पूर्व तयारी तथा वर्णलगायत मुख्य समस्याहरु समाधान गरी अध्ययन अध्यापन कार्य गर्न सकेमा खस भाषाको उत्थान तथा संरक्षण हुनुका साथै विद्यार्थीहरुका लागि खस भाषामा सिकाइ सहजता हुने र यसले प्रभावकारी प्रतिफल प्राप्त गर्ने अपेक्षा गरिएको छ।

शब्दकुञ्जीः *खस, मातृभाषा, वर्ण, विद्यार्थी, शिक्षण*

विषय परिचय

शिक्षण भन्नाले सिकाइ क्रियाकलाप वा शैक्षणिक गतिविधि भन्ने बुभिन्छ। बालबालिकाको पहिलो पाठशाला घरपरिवार भएपनि औपचारिक रूपमा उनीहरुको ज्ञान, सिप र अभिवृत्ति विकासका लागि विद्यालयमा हुने शैक्षणिक गतिविधि वा शिक्षणकार्य महत्त्वपूर्ण मानिन्छ। विद्यालयमा विद्यार्थीहरुले कुनै भाषाका माध्यमबाट विविध विषयहरुको ज्ञान र सिप हाँसिल गर्दछन्। विश्वका हरेक देशहरुमा बहुसङ्ख्यकले बोध गर्ने राष्ट्रको प्रभावशाली भाषा वा स्थानीय मातृभाषामा विद्यार्थीहरुलाई सिक्न र सिकाउन माध्यम भाषाको व्यवस्था गरेको पाइन्छ। नेपालका सन्दर्भमा नेपाली, अंग्रेजी भाषाका साथै आफ्नो मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था छ। संविधान (२०७२) को धारा ३१ उपधारा १ मा भनिएको छ "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई

कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ" (पृ. १४) । यसरी राज्यको मूल कानुनमा हरेक बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा लिन पाउने हक सुनिश्चित गरिएको छ । त्यस्तै मातृभाषाका सन्दर्भमा शिक्षा ऐन (२०२८) को दफा ७ (२) (क) मा भनिएको छ " प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ" (पृ . १३) । बालबालिकाको सिकाइका लागि मातृभाषामा शिक्षा लिन पाउने कानुनी व्यवस्थाका कारण देशका कतिपय स्थानीय तहहरुले स्थानीय स्तरमा बहुसंख्यकले बोल्ने भाषामा शिक्षा दिन सुरुवात गरेको पाइन्छ । अधिकारी (२०७४) का अनुसार "बालबालिकासँग घरपरिवारमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बालबालिकासँग बढीभन्दा बढी अन्तर्क्रिया हुन गई सिकाइ सजिलो र छिटो हुने कुरा विभिन्न अध्ययनबाट पुष्टि भएको छ" (पृ . १०८) । घरपरिवार र समाजबाट सिकेको भाषामा सिकाइ अवश्य सहज हुन जान्छ । नेपाल सरकारले पनि स्थानीय भाषा र संस्कृतिमैत्री नीतिगत प्रबन्ध गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन (२०७४) परिच्छेद ३ दफा ११ (ज) को ४ मा आधारभूत र माध्यामिक शिक्षामा स्थानीय तहलाई मातृभाषामा शिक्षा दिन विद्यालयको अनुमति, अनुगमन तथा नियमन गर्ने अधिकार प्रत्यायोजन गरेर बालबालिकाको सिकाइमा सुधार र स्थानीय भाषाको संरक्षण र संवर्धनको प्रयत्न गरेको देखिन्छ । यस अध्ययनमा पनि जुम्ला जिल्लामा बहुसङ्ख्यकले बोल्ने भाषाको रूपमा रहेको खस भाषामा सिंजा गाउँपालिकाले शिक्षा दिने प्रयत्न गरेको परिवेशमा खस भाषामा शिक्षणको अवस्थाबारे अध्ययन गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि नेपालले संघीय स्तरमा एकभाषी नीति र प्रदेशमा बहुलभाषा नीति अवलम्बन गरेको देखिन्छ । भाषाको उत्थानका लागि स्थानीय तथा प्रदेश सरकारहरु पनि प्रयत्नशील देखिन्छन् । कर्णाली प्रदेशका सन्दर्भमा भाषा आयोगको वार्षिक प्रतिवेदन (२०८१) मा भनिएको छ "भाषा आयोग र प्रदेश सरकारको सहकार्यमा सरकारी कामकाजको भाषासम्बन्धी कार्यक्रम सञ्चालन भइसकेको छ । .... नेपालमै पहिलो पटक भाषा नीति पारित गरी लागु गर्ने गाउँपालिका यसै प्रदेशमा पर्दछ । विद्यालयहरूमा पनि मगर भाषा र खस भाषाको माध्यम र विषयको रूपमा पठनपाठन भैरहेको पाइन्छ" (पृ. १३१) । कर्णाली प्रदेश र प्रदेशका स्थानीय तहहरूले आफ्नो क्षेत्रमा बहुसङ्ख्यकले बोल्ने भाषाको उत्थान र विकासका लागि विभिन्न प्रयत्नहरू गरिरहेको देखिन्छ । खस भाषाको विकासका सम्बन्धमा गिरी (२०८०) ले भनेका छन् विश्वका ऐतिहासिक सभ्यतामा प्राचीन खस सभ्यता र नेपाली भाषाको मूल उत्पत्ति स्थल सिँजा भएकाले नेपाली भाषाको गौरवमय इतिहास, प्राचीन अभिलेखहरू र वाङ्मय सुरक्षित रहेको सिँजाली वा खस भाषाको सम्मान, जीवन्तता र विकासमा पनि सरकार गम्भीर हुन आवश्यक छ । यहाँ जनताको नजिको सरकारको रूपमा रहेको सिँजा गाउँपालिका गम्भीर बनेर खस मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी पठनपाठनको अभ्यास गरेको पाइन्छ । खस भाषा जुम्लाको सिंजाबाट उत्पत्ति भएको नेपाली भाषाको जननी भाषा हो । खस भाषा वर्तमान समयमा पनि कर्णाली क्षेत्रमा प्रयोगमा छ । यसरी वर्तमानमा पनि आफ्नो पहिचान कायम राखेको खस भाषामा शिक्षण कार्य थाल्नु नवीन कार्य हो । खस भाषा शिक्षणको अवस्था कस्तो रहेको छ ? र खस भाषामा शिक्षणको सम्भावना के कस्तो छ ? जस्ता अनुसन्धान प्रश्नहरूको समाधानका लागि खस भाषामा शिक्षणको अवस्था अध्ययन गर्ने र खस भाषामा शिक्षणको सम्भावना पहिचान गर्ने उद्देश्य लिएर अध्ययन अघि बढेको छ । खस भाषामा शिक्षण प्रारम्भ भएर पनि पूर्ण कार्यान्वयन हुन नसकेकाले किन र कसरी हुन सकेन ? कार्यान्वयनको अवस्था र सम्भावना पहिचान गर्नु नै अध्ययनका चुनौतीहरु हुन् । यस खाले चुनौतीहरू सामना गरेर खस भाषामा शिक्षणको वर्तमान अवस्थाको अध्ययन र खस भाषामा शिक्षण प्रयोगको सम्भावनाका विषयमा आवश्यक निष्कर्ष निकाल्न सकिएमा खस भाषाको विकास र उत्थानमा समेत नयाँ उचाइ प्राप्त गर्न सकिने विश्वास गरिएको छ ।

सैद्धान्तिक पर्याधार

खस क्षेत्रका उत्तराधिकारीका रूपमा रहने खस भाषी विद्यार्थीहरूमा मातृभामा सिकाइको वातावरण, सामाजिक अन्तर्क्रिया र अनुभवको प्रभाव पहिल्याउन भिगोत्सीको सामाजिक निर्माणवादका आधारमा विश्लेषण गर्न

सकिन्छ। भट्टराई (२०६८) ले भनेका छन् "भिगोत्सीका अनुसार ज्ञान सामाजिक अन्तर्क्रिया र अनुभवका आधारमा निर्माण हुने गर्दछ" (पृ. ३०८) ज्ञान प्राप्तिका लागि सामाजिक सम्पर्क, सहकार्य र अन्तर्क्रियाले महत्त्वपूर्ण भूमिका खेल्ने मान्यता सामाजिक निर्माणवादको रहेको पाइन्छ । सामाजिक निर्माणवादी सिद्धान्तलाई अंगीकार गरी विश्लेषण गरिएको प्रस्तुत अध्ययनमा खस मातृभाषामा शिक्षणको प्रयोग र अवस्थासम्बन्धी यसअघि सम्पन्न भएका अध्ययनहरूबारे पनि स्पष्ट हुन जरूरी छ। खस मातृभाषामा शिक्षणको अवस्थाका सन्दर्भमा गिरी (२०८०) ले कर्णाली प्रदेशको जुम्लामा सिँजाली नेपाली वा खस नेपालीमा प्राथमिक शिक्षा दिने प्रयत्न भएको र यसलाई व्यवस्थित बनाउन कानुन निर्माण लगायतका काम गर्नुपर्ने बताएका छन्। भाषा आयोगको प्रतिवेदन (२०८०) मा खस भाषामा शिक्षा तथा सञ्चारको सम्भावना रहे पनि खस भाषा र नेपाली भाषाको निकटताको कारण भाषिक समुदाय सक्रिय नभएको, नीतिगत समस्या रहेको र स्थानीय तहहरूले पर्याप्त आर्थिक लगानी गर्न नसकेका कारण अपेक्षित प्रगति नभएको उल्लेख गरिएको छ । खस भाषामा शिक्षण कार्यको थालनी गर्नुपूर्व खस भाषामा शिक्षणका लागि के के कामहरू सम्पन्न भएका छन् भन्ने सन्दर्भमा आचार्य (२०२४) ले सिँजाली खस भाषाको वर्ण व्यवस्थाको अध्ययन गरी खस भाषामा ३० वटा व्यञ्जन वर्ण रहेको, ६ वटा स्वरवर्ण र १० वटा द्विस्वरहरू रहेको निष्कर्षका साथ खस भाषामा रहेका वर्णको निक्र्यौल गर्ने कार्य गरेको देखिन्छ। उनका अनुसार सिँजाली र नेपाली वर्णमा केही समानता र केही भिन्नताहरू रहेकाले खस भाषाका भिन्न वर्णको विकास गरेर मात्र अन्य काम अघि बढ्ने देखिन्छ। त्यस्तै खत्री (सन २०२४) ले खस मातृभाषाका विद्यार्थीहरूमा मातृभाषाको प्रभाव स्वरूप नेपाली सिकाइमा 'ढ' को स्थानमा 'ड' वर्णको प्रयोग गर्ने, नाम शब्दको अन्तिम अकारलाई हलन्त उच्चरण गर्ने, पदान्तमा संयुक्त व्यञ्जनमा आउने शब्दमा हलन्त उच्चारण गर्ने, पञ्चम वर्णमा त्रुटि गर्ने जस्ता तमाम त्रुटि देखिएको निष्कर्ष निकालेर खस मातृभाषामा शिक्षणको आवश्यक्ताको सङ्केत गरेका छन्। आचार्य (सन् २०२४) ले जुम्ली भाषाको वाक्यमा कालगत अवस्थाको अध्ययन गरेर नेपाली र जुम्ली भाषा बीचमा कालगत तुलना गरिएको छ। अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात भूतमा छियो, छियाँ जस्ता क्रियाको प्रयोग हुने, वर्तमान कालको परिवेशमा धातुमा याछु/ छौ, या छई/ छौँ जस्ता क्रियाको प्रयोग हुने अवस्थालगायत तमाम भिन्नता रहेकोले सोहीअनुसार शिक्षण गरेर खस भाषाको उत्थान हुने तर्फ सङ्केत गरिएको छ। जुम्ली खस भाषाको नाम र कोटीकर बिचको सङ्गति व्यवस्थाबारे अध्ययन गरेर आचार्य (सन् २०२४) ले जुम्ली भाषमा नाम र कोटिकर बिचको सङ्गति व्यवस्था मौलिक प्रकृतिको रहेको, कोटिकर शब्दावलीमा स्त्रीलिङ्गीय प्रयोग पाइने तथा मानवेत्तरमा प्रयोग हुने, कोटिकर नेपाली भाषामा भन्दा भिन्न हुने अवस्था रहेको निष्कर्ष प्रस्तुत गरेका छन्। त्यस्तै गरी आचार्य (सन २०२४) ले जुम्ली खस भाषाको रूपायन व्यवस्थाको अध्ययन गरी शब्द संरचनाका रूपले जुम्ली र नेपाली भाषामा भिन्नता रहेको देखाएका छन्। खस भाषाका विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटि र खस भाषामाका विशेषताको खोजीका लागि रावत (२०७१) ले खस भाषाका आफ्नै विशेषताका कारण खस भाषी विद्यार्थीहरुले स्तरीय नेपाली उच्चारणमा त्रुटि गर्ने गरेको, अर्थात स्तरीय नेपाली सिकाइका लागि खस भाषाले प्रभाव पार्ने गरेको निष्कर्ष आफ्नो स्नातकोत्तर शोधपत्रमा प्रस्तुत गरेका छन्। शाही (सन २०२४) ले खस भाषी क्षेत्र कालिकोटमा खस, नेपाली र मगर खाम मातृभाषाका विद्यार्थीहरू भए पनि मातृभाषी पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री तथा स्थानीय भाषा विज्ञको व्यवस्था नभएको अवस्था रहकाले विद्यार्थीहरूले मातृभाषामा सिक्न पाउने हकलाई कार्यान्वयन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक तथा सामग्रीको व्यवस्थापन गर्नुपर्ने औल्याएका छन् । मातृभाषामा शिक्षा प्रयोगको अवस्थाका सन्दर्भमा खान (२०७६) ले उर्दू र अवधी मातृभाषाको प्रयोगसम्बन्धी अध्ययन प्रतिवेदनमा कक्षा कोठा व्यवस्थापन, शिक्षक व्यवस्थापन, भाषिक व्याकरणको आवश्यकता र शिक्षण विधि एवम् तरिकाको प्रयोगमा रहेका चुनौतीहरु कम गर्न अभिभावकमा समेत सचेतता ल्याई लिपि, शब्दकोश र व्याकरणको व्यवस्था गरी शिक्षक तथा कक्षाकोठा व्यवस्थापन गरेर उपयुक्त ढङ्गले शिक्षण गर्न सकेमा मातृभाषामा शिक्षण प्रभावकारी हुने निष्कर्ष प्रस्तुत गरेका छन्। अधिकारी (२०७४) ले मातृभाषामा शिक्षाको नीतिगत व्यवस्था र वर्तमान अवस्थाका सन्दर्भमा पाठ्यक्रम २०४९ देखि हालसम्म कक्षा १ देखि ८ सम्म मातृभाषामा पठनपाठनको नीतिगत व्यवस्था भए पनि मातृभाषाका पाठ्यक्रम,

पाठ्यपुस्तक र शैक्षिक सामग्रीको अभाव मातृभाषा शिक्षक व्यवस्थापनको समस्या, शिक्षक तालिमको अभाव र विद्यार्थी तथा अभिभावकको समेत अरूची जस्ता कारणले मातृभाषामा शिक्षण प्रभावकारी बन्न नसकेको निष्कर्ष प्रस्तुत गरेका छन् । श्रेष्ठ (सन २०२१) ले मातृभाषी शिक्षकलाई तालिम, द्विभाषिक शिक्षकको व्यवस्था, बहुभाषी शिक्षासम्बन्धी तालिमहरू सञ्चालनलगायत नेपाल सरकारले विभिन्न नीतिगत व्यवस्था गरेको उल्लेख गरेका छन् । त्यस्तै मातृभाषामा शिक्षाका सन्दर्भमा हमाल (२०७४) ले मातृभाषा शिक्षणका लागि छुट्टै विज्ञको आवश्यकता नपर्ने र शिक्षकमा कुनै एक मातृभाषाको लिपिमा सामान्य जानकारी भएमा तमाम अभ्यास गराउन सक्ने र अन्य भाषामा समेत लिपि निर्माण गर्न सक्ने तर्क प्रस्तुत गर्दै मातृभाषामा सिकाइ सहज हुने भएकाले यही तरिकाबाट मात्र सिकाइ हुन्छ भन्ने भन्दा पनि विद्यार्थीले सहजै सिक्ने तरिका अपनाउनुपर्नेमा जोड दिइएको छ। प्रधान (सन् २०२१) ले मातृभाषा शिक्षणमा देखापरेका चुनौतीहरुको अध्ययन विश्लेषण गर्ने सन्दर्भमा मातृभाषा मौखिक रूपमै सीमित हुनु, नेपाली भाषाको प्रभाव पर्नु र मातृभाषासम्बन्धी नीति अस्पष्ट हुनु जस्ता समस्याहरु रहेको प्रस्ट्याउँदै स्थानीय बोलिचालीका रहेक भाषाहरुलाई कामकाजमा विस्तार गर्नुपर्ने, मातृभाषामा लिपि निर्धारण गरी पाठ्यक्रम र पाठ्यपुस्तक तयार पार्नुपर्ने मातृभाषाका शिक्षकहरुका लागि गोष्ठी, सेमिनार र कार्यशालाको सञ्चालन गर्नुपर्ने जस्ता उपायहरुले मातृभाषामा शिक्षणका समस्याहरु समाधान हुने र प्रभावकारी रूपमा सिकाइ हुने तर्क प्रस्तुत गरेका छन् । पोखरेल (सन् २०२४) ले मातृभाषा शिक्षा कार्यान्वयनसम्बन्धी समस्या समाधानका उपायहरुको खोजीका लागि समस्याको पहिचान र विश्लेषण गर्ने गरेका छन् । यस सन्दर्भमा मातृभाषा शिक्षा पाठ्यक्रम निर्माणमा विज्ञको अभाव, स्थानीय समुदायको चासो नहुनु, दक्ष भाषा शिक्षकको अभाव, स्थानीय भाषाको लिपि विकास नहुनु, योजनाबद्ध कार्यान्वयनको अभाव र आवश्यक बजेट व्यवस्थापनमा कमी जस्ता समस्याहरु प्रस्तुत गर्दै यस किसिमका समस्याहरु समाधान गरेमा मात्र मातृभाषामा शिक्षण प्रभावकारी हुने निष्कर्ष प्रस्तुत गरेका छन् ।

यसरी मातृभाषामा शिक्षण प्रयोगको अवस्थाको अध्ययन गर्नका लागि विभिन्न शीर्षकमा अध्ययनहरु भएको पाइएको छ । जुन अध्ययनहरुले मातृभाषामा शिक्षणका समस्या चुनौतीहरुको पहिचान गर्नुका साथै समाधानका उपायहरुको सिफारिस गरेका छन् । खस मातृभाषा नेपाली भाषाभन्दा केही फरक विशेषता भएको भाषा हो र यसका आफ्नै विशेषताहरू रहेको अध्ययनहरूबाट बुझिन्छ । प्रस्तुत गरिएका खस मातृभाषाका वर्ण व्यवस्था, रूपायन व्यवस्था, नाम र कोटिकर बिचको सङ्गति र जुम्ली खस भाषाको कालगत व्यवस्था जस्ता थुप्रै संरचनात्मक विषयमा अध्ययनहरू भएको भए पनि खस मातृभाषामा शिक्षण प्रयोगको अवस्था र प्रभावकारिताका विषयमा भने हालसम्म कुनै पूर्व अनुसन्धान कार्य भएको पाइँदैन । खस मातृभाषामा शिक्षणको वर्तमान अवस्था के कस्तो छ ? यसको प्रभावकारिता के कति छ ? जस्ता जिज्ञासाको समाधान गर्न अनुसन्धाताको रूचि र अध्ययनको विषय बनेकाले त्यस किसिमको अनुसन्धान रिक्ततालाई परिपूर्ति गर्नका लागि अनुसन्धानलाई अघि बढाइएको छ।

अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेख मिश्रित ढाँचाको प्रयोग गरी तयार पारिएको छ । मिश्रित विधिमध्ये व्याख्यात्मक क्रमागत ढाँचामा अध्ययनलाई अघि बढाइएको छ । मिश्रितअन्तर्गतको व्याख्यात्मक क्रमागत ढाँचामा तथ्याङ्कको विश्लेषण गर्ने सवालमा खनाल (२०८०) भन्छन् "यदि पहिलो चरणमा सङ्ख्यात्मक तथ्याङ्क प्राप्त गरिन्छ र तिनीहरुको विश्लेषणबाट प्राप्त नतिजालाई थप व्याख्या र विश्लेषण गर्ने उद्देश्यले अर्को चरणमा गुणात्मक तथ्याङ्क सङ्कलन गरिन्छ भने त्यस प्रकारको क्रमागत ढाँचालाई व्याख्यात्मक क्रमागत ढाँचा भनिन्छ" (पृ. १०४) । सुरुमा परिमाणात्मक नतिजा निकालेर त्यसपछि अनुभवहरूको गहिरो अध्ययन विश्लेषण गुणात्मक ढाँचामा गरिन्छ। यस अनुसन्धानका लागि परिमाणात्मक तथा गुणात्मक विधि क्रमशः उपयुक्त हुने भएकाले विश्लेषण गुणात्मक ढाँचाका आधारमा सर्वप्रथम परिमाणात्मक ढाँचामा समतलीय सर्भे विधिको प्रयोग गरी सिँजा गाउँपालिका भित्रका खस भाषा शिक्षणको निरन्तरता नपाएका आधारभूत विद्यालयहरुमध्येबाट कक्षा ३ मा अध्ययनरत ४५ जना र निरन्तर शिक्षण भएका विद्यालयबाट १२ जना सहित ५७ जना विद्यार्थीलाई सम्भाव्यताका आधारमा छनौट गरिएको

छ। तथाङ्क सङ्कलनका साधनका रूपमा वार्षिक परीक्षा २०८० लाई लिएर त्यसबाट प्राप्त मूल्याङ्न नतिजाको विश्लेषण SPSS का माध्यमबाट गरिएको छ। नेपालीमा राम्रो र खस मातृभाषामा कमजोर नतिजा प्राप्त भएकाले, किन ? कसरी ? जस्ता प्रश्नको उत्तर खोज्नका लागि तथाङ्क सङ्कलन गरिएका विद्यालयहरूमध्येबाट एक जना शिक्षक र सिँजा गाउँपालिकाका शिक्षा हेर्ने कर्मचारीमध्ये एक जना कर्मचारीलाई उद्देश्यमूलक नमुना छनौट पद्धति अपनाएर छनौट गरिएको छ। नैतिक प्रश्नको जवाफदेहीताका लागि नमुना सहभागीहरूको वास्तविक नामलाई परिवर्तन गरी सहभागी (क) र सहभागी (ख) राखी अध्ययनलाई अघि बढाइएको छ। गुणात्मक ढाँचाको फेनोमेनोलोजी विधि प्रयोग गरिएको यस अध्ययनमा सहभागीका विचार, भावना र अनुभूतिहरुको स्वस्फूर्त अभिव्यक्तिलाई मोबाइलमा रेकर्ड गरी त्यसको गहन सुनाइका आधारमा वाक्यात्मक संरचनाहरूको लिप्यान्तरण गर्दै कोडिङ गरिएको छ । कोडहरूलाई थिममा एकीकृत गरी थिमको विश्लेषण गरिएको छ।

नतिजा र छलफल

मातृभाषा सिकिसकेका बालबिकाहरुका लागि विद्यालयमा सोही भाषामा सिक्न पाउनु अवसर पनि हो। यसले सिकाइमा सकारात्मक प्रभाव पार्दछ। त्यसैले खस भाषामा शिक्षण गर्न सिँजा गाउँपालिकाको कार्यक्रम तथा योजना अनुसार २०७७ सालबाट कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु निर्माण गरी शिक्षणको सुरुवात गरेको पाइन्छ। निरन्तर शिक्षण नभएका तीनओटा विद्यालयको २०७९ सालमा कक्षा ३ को वार्षिक परीक्षाको सिकाइ उपलब्धि र निरन्तर शिक्षण भइरहेका विद्यालयको २०८० सालको सिकाइ उपलब्धिलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं १. *निरन्तर शिक्षण नभएका विद्यालयहरूको २०७९ साल कक्षा ३ को नतिजा*

	नेपाली	खस भाषा र संस्कृति
मिडियन	५८.५०	६०
मोड	५३	५०
मिन	६४.७५	६१.५०

तालिका नं २. *नियमित कक्षा सञ्चालन भइरहेको विद्यालयको २०८० सालको नतिजा*

	खस भाषा र संस्कृति	नेपाली
मिडियन	७५.२५	८३
मोड	८२	८४
मिन	४६	७३

माथि प्रस्तुत तालिका नं १ मा खस भाषामा विद्यार्थीहरुले नेपाली भाषा विषयमा भन्दा तुलनात्मक रूपमा कम प्राप्ताङ्क ल्याएको पाइएको छ। आवृत्ति र प्रतिशतका आधारमा हेर्दा खस भाषामा ६१. ५० औसत अर्थात Mean Value छ भने ६४.७५ नेपालीमा छ। त्यस्तै खसमा Mode ५० प्रतिशत छ भने नेपालीमा ५३ प्रतिशत छ यसरी हेर्दा विद्यार्थीहरु खस भाषामा भन्दा नेपालीमा राम्रो रहेको तथ्याङ्कले देखाएको छ। त्यस्तै दोस्रो तालिकामा पनि नेपाली भाषामा भन्दा खस भाषामा विद्यार्थीहरु केही कमजोर रहेको पाइएको छ। दोस्रो तालिका अनुसार नेपालीको मध्यक ८३ र खस भाषा संस्कृतिमा ७५.२५ रहेको देखिन्छ। त्यस्तै Mode नेपालीमा ८४ छ भने खसमा ८२ देखिएको छ।

औसत अर्थात् Mean Value नेपालीमा ७३ प्रतिशत छ भने खसभाषामा ४६ प्रतिशत मात्र छ। यसरी तथ्याङ्कले नेपालीभन्दा खसभाषामा विद्यार्थीहरुको सिकाइ कमजोर रहेको पाइएको छ । समग्रमा शैक्षिक उपलब्धिको नतिजालाई विश्लेषण गर्दा विद्यार्थीहरु नेपालीमा भन्दा खसभाषामा कमजोर रहनुको कारण पहिचान गर्नका लागि गुणात्मक ढाँचामा पुनः अध्ययन गरी त्यसबाट प्राप्त थिमहरूलाई निम्नानुसार विश्लेषण गरिएको छः

खस मातृभाषामा शिक्षणको प्रयोग अवस्था

खस मातृभाषामा शिक्षणको व्यवस्था गर्ने सन्दर्भमा सिँजा गाउँपालिकाले आधारभूत तहका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरेको छ। देश संघीयतामा गएपछि आफ्नो भाषाको संरक्षण, सम्बर्द्धन र विकास गर्नका लागि प्रदेश तथा स्थानीय तहहरुले विभिन्न कसरतहरु गरिरहेको परिप्रेक्ष्यमा खस भाषाको उत्थान तथा विकासका लागि आधारभूत तहमा खस मातृभाषामा अध्यापन गर्ने व्यवस्था सिँजा गाउँपालिकाले गरेको देखिन्छ। यस सन्दर्भमा सहभागी (क) को भनाइलाई यसरी प्रस्तुत गर्न सकिन्छ "सर हाम्रोमा खस भाषामा तल्लो कक्षामा पढाइ गर्नका लागि सिँजा गाउँपालिकाले २०७७ सालबाट कक्षा १ देखि कक्षा ३ सम्मका आधारभूत विद्यालयहरुमा खस भाषामा शिक्षण अनिवार्य गरेको थियो। हामीले त्यहि अनुसार पढाउने काम पनि गर्यौं।" सहभागीका अनुसार स्थानीय तहले शिक्षणको व्यवस्था गरेपछि विद्यालयहरुले शिक्षण कार्य प्रारम्भ गरेको देखिन्छ। यस कुरालाई प्रस्ट पार्दै सहभागी (ख) भन्छन् "सिँजा गाउँपालिकाले खस भाषामा पाठ्यमक्रम तथा पाठ्यपुस्तक निर्माण गरी निर्देशन दिएअनुसार शिक्षण सिकाइ कार्य सुरु गरेको हो।" यसरी हेर्दा स्थानीय सरकारको नीति तथा योजनाअनुसार खस भाषाको संरक्षण र संवर्द्धन गर्न खस मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी सिँजा गाउँपालिका भरि वितरण गरेर शिक्षण प्रारम्भ गरेको पाइन्छ।

निर्माण गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा खस भाषा र संस्कृतिमैत्री विषयवस्तुहरु समावेश गरेको पाइएको छ। मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पार्दा स्थानीय मातृभाषा र संस्कृतिको संरक्षण एवम् विकासमा टेवा पुग्ने देखिन्छ। खस मातृभाषाका पाठ्यपुस्तकभित्र समावेश गरिएका विषयवस्तुका बारेमा बोल्दै सहभागी (क) भन्छन् "तपाईले हेर्नुभयो भने पाठ्यपुस्तकमा सिँजाका भाषा संस्कृति परम्परा झल्किने विषयवस्तुहरु समावेश गरिएको छ। त्यसको पूरा कार्यान्वयन भएको भए त धेरै राम्रो हुने थियो।" खस भाषा र संस्कृतिको संरक्षण हुने गरी पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारी कार्यान्वयनमा ल्याउनु महत्त्वपूर्ण कार्य भएको देखिन्छ। यसका बारेमा सहभागी (ख) ले व्यक्त गरेको धारणा यस्तो रहेको छ "अहिले हेर्दा यस विषयमा प्रभावकारिता छैन की जस्तो लाग्न सक्छ तर यो अपरिहार्य विषय भैसक्यो हेर्नुहोस् !, किनकि खस भाषा त हाम्रो आफ्नो भाषा हो। यो त हाम्रो आमा हो ।" सहभागीको विचारलाई हेर्दा सिँजाले जसरी खस भाषामा शिक्षण गर्ने वातावरणको सृजना गर्यो यो प्रशंसनीय कार्य हो। यस किसिमको भाषा र संस्कृतिको उत्थानमा केन्द्रित खस भाषामा शिक्षण कार्यको कार्यान्वयन अझ विस्तार गरेर जानुपर्ने धारणा सहभागी (ख) ले यसरी राखेकाछन् "पूर्ण रूपमा कार्यान्वयन गर्न अब यसलाई सिँजामा मात्र नभएर ३/४ अन्य पालिकामा समेत लागु गर्नुपर्ने छ। अहिले लिपिका विषयमा काठमाडौँबाट भाषा विज्ञहरु आएर एउटा निष्कर्षमा पुगेको छ त्यसैलाई आधार मानेर सबैसँग सहकार्य गरी विस्तारित गरेर अघि बढ्ने कुरा हुन्छ।" यसरी खस भाषामा शिक्षणको व्यवस्था गरेको सिँजाले अन्य पालिकासँग सहकार्य गरेर अझै बिस्तार गर्ने योजना बनाएको देखिन्छ।

खस भाषामा शिक्षण पूर्ण कार्यान्वयनमा नआएको प्रसङ्गलाई पुष्टि गर्दै सहभागी (क) ले अभिव्यक्त गरेको भनाइ यस किसिमको छ " पालिकाको आदेशअनुसार सबै विद्यालयहरुले त्यस बेला पढाए पनि अहिले धेरैले पढाएको देखिन्न। हामीले पनि पहिलो वर्ष मात्र पढायौँ पछि पढाएका छैनौँ। किनभने हामीसँग अहिले खस भाषामा पुस्तकहरु पनि छैनन्। पालिकाले फेरि दिएको पनि छैन। पढाएको बेला विद्यार्थीहरुको नतिजा पनि नेपालीभन्दा खसमा कमजोर थियो।" यस भनाइलाई हेर्दा हाल धेरै विद्यालयले खस भाषामा शिक्षण नगरेको देखिन्छ। स्थानीय तहले पनि आवश्यक थप प्रबन्ध नगरेको, सबै विद्यालयहरुले निरन्तरता नदिएको र खसमा विद्यार्थीहरूको पनि

सामान्यतया कमजोर नतिजा आएको देखिन्छ। भिगोत्सीको सामाजिक निर्माणवादको सिद्धान्तअनुसार विद्यार्थीहरू समाजकै अङ्ग भएकाले समाजसँगको अन्तर्क्रिया र सम्पर्कबाट सिक्ने सहज भाषिक वातावरण रहे पनि उनीहरूको नतिजा अपेक्षाकृत देखिँदैन। सिद्धान्तको विपरीत नतिजा आउनुका विभिन्न कारणहरूमध्येको भाषाप्रतिको बुझाइ सकरात्मक नभएको विषयमा प्रकाश पार्दै सहभागी (क) ले भनेका छन् " खस भाषामा अशुद्ध सिकाइ हुन्छ भनेर अभिभावक भन्छन्। " यसरी हेर्दा अभिभावहरुले समेत खस भाषा न्यून स्तरको भाषाको रूपमा बुझेको अवस्था देखिन्छ। अभिभावको बुझाइलाई प्रस्ट पार्न सहभागी (क) आफ्नो अनुभवलाई यसरी थप्छन् " एकचोटी मैले केटाकेटीलाई तुम्मो घरका सप्पै परिवाराआ नाम लेखेर आउ भनेको थिएँ। जस्तैः तुम्मो आमाको नाम क्या हो ? तुम्मो बाबाको नाम क्या हो ? तुम्मो बोबको नाम क्या हो ? यस्ता प्रश्न देखेर १ जना विद्यार्थीको काका, जो सुर्खेत पढ्नबाट आएको थियो त्यसले अशुद्ध भयो यस्तो पढ्ने होइन भनेर गृहकार्य दिएको सबै केरिदिएछ। विद्यार्थी भोलिपल्ट गृहकार्य नै नगरी आयो।" यसरी खस भाषा नेपालीभन्दा अशुद्ध र निम्न स्तरको भाषा भएकाले यसलाई सिकेर कुनै फाइदा नभएको बुझाइमा केही अभिभावक रहेको अवस्था यस अध्ययनमा देखिएको छ।

स्थानीय तहले खस भाषामा शिक्षणको प्रबन्ध गर्दा समेत खस भाषी अभिभावकहरु यसप्रति उदासीन देखिएको अवस्था छ। किन खस भाषी अभिभावकहरु उदासीन र निष्कृय रहेका छन् ? भन्ने सन्दर्भामा सहभागी (क) ले पेस गरेको तर्क यस्तो रहेको छ "खस भाषामा सबैभन्दा उच्च आदर 'तुमी' नै हो। तपाईं हामीलाई थाहा छ। नेपालीमा त्यो त सामान्य आदर हुन्छ। यस्तै नेपालीमा कहाँ जानुहुन्छ ? लाई खसमा भन्नुपर्दा काँ जान्या होऊ ? हुन्छ। यस किसिमले खस भाषालाई निम्न स्तरको मान्ने भएकाले आफूले प्रयोग गरे पनि, आफूले जाने पनि आफ्ना छोराछोरीलाई खसभन्दा नेपाली नै सिकाउनतिर अभिभावकहरुले चासो देखाएको पाइन्छ।" अभिभावकले खस भाषालाई अपरिष्कृत भाषाको रूपमा बुझेको यसले प्रष्ट हुन्छ। अधिकारी (२०७४) ले भाषिक नीति र भाषा शिक्षणका विषयमा विश्लेषण गर्ने क्रममा यसै किसिमले अभिभावको अरुचीका कारण मातृभाषामा शिक्षण प्रभावकारी बन्न नसक्ने धारणा प्रस्तुत गरेका थिए। अभिभावकको अरूचीका विषयमा सहभागी (क) थप विचार यसरी व्यक्त गर्दछन् "आखिर पछि नेपाली नै सिक्नुपर्छ। अफिसमा, ठुला विद्यालय तथा बाहिरका अरू विद्यालयमा शुद्ध नेपाली नै बोल्नुपर्ने र सिक्नुपर्ने हुन्छ त्यसै किन अहिले खस सिक्ने ? यसले गर्दा बेकारमा नेपालीमा मात्र कमजोर हुन सक्छन् भन्दै केही अभिभावकहरुले नेपालीमै बढी जोड गरेर त्यति रुची नदेखाएको जस्तो देखिन्छ।" खस भाषा पछि सरकारी कामकाजको भाषा पनि नहुने बरु यसले नेपाली सिकाइलाई मात्र कमजोर बनाउन सक्छ भन्ने अभिभावको बुझाइको अवस्थाले उनीहरु उदासीन देखिएको पाइन्छ।

खस भाषा शिक्षणको नतिजा प्रभावित हुनुका कारण

खस मातृभाषामा शिक्षणको प्रयोग तथा अभ्यास भए पनि त्यसको परिणाम खस भाषामैत्री नदेखिएको सन्दर्भमा त्यसभित्रका कारणहरुको खोजी गर्दा खस भाषाका वर्णको समस्या तथा अन्यौलता रहनु, नेपालीको प्रभाव खसमा पर्नु, खस भाषाका सीमित विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्था गर्नु, पूर्वतयारी विनाको दबाबमा कार्यान्वयनमा जानु जस्ता कारणले खस भाषा शिक्षण प्रभावित भएको पाइएको छ। नेपाली भाषाको जननी स्थल मानिने सिँजाबाट खस राज्यको उदयसँगै उत्पत्ति भएको खस भाषाका वर्णहरु र नेपाली देवनागरी लिपिका वर्णहरु प्राय उही नै छन् तर पनि खसमा उच्चारण हुने केही शब्दहरुका लागि खस भाषामा केही थप वर्णको आवश्यकता हुने देखिएको पाइन्छ। यस किसिमले खस वर्णसम्बन्धी अपूर्णता र अन्यौलताको विषयलाई प्रस्ट पार्न सहभागी (क) को विचारलाई लिन सकिन्छ "खस भाषाका वर्णहरुको अझै स्पस्ट भएको छैन त्यसकारण सिकाउन पनि अन्यौल जस्तो हुन्छ। त्यस्ता स्पष्ट नभएका वर्णहरुले झुक्याएको छ। जस्तै ल+ ह बाट उच्चारण हुने ल्ह को छुट्टै वर्ण सङ्केत छैन त्यसलाई किताबमा लको तल थोप्लो मात्र दिइएको छ। यसले विद्यार्थीहरु ल कै रूपमा बुझ्छन्। प्रयोग व्यवहारमा रहेका तर लेख्य सङ्केतको आधिकारिकता नपाएका न्ह, म्ह, स्ह, ल्ह जस्ता ध्वनि उच्चारणहरुले स्वतन्त्र वर्णको मान्यता पाएर छुट्टै वर्ण भएको भए वर्ण पहिचानमा पनि सहज हुन्थ्यो नि। खस

भाषामा यस्ता वर्णहरु पाँच छ वटा छन यसले गर्दा विद्यार्थीमा नेपालीको प्रभाव पर्न गएर पनि खसमा कमजोर भएको हो भन्न सकिन्छ हेर्नुहोस् ।" सहभागीको यस भनाइलाई हेर्दा खस भाषाको कथ्य स्वरूपलाई लेख्य रूपमा लैजाँदा कतिपय अवस्थामा छुट्टै वर्णको आवश्यकता पर्ने भएपनि त्यसबारे अझै अन्यौलता रहेको बुझ्न सकिन्छ। त्यस किसिमका वर्णको निक्यौल गरेर शिक्षण गरेको भए अझ प्रभावकारी हुन्थ्यो कि भन्ने अनुमान समेत गर्न सकिन्छ।

वर्णगत अन्यौलताका विषयमा सहभागी (ख) ले आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन् "अर्को कुरा तपाईंले उठाएको खस भाषामा कमजोर भए भन्ने विषयमा कुरा गर्दा केही वर्णका कारणले पनि समस्या परेको छ। अघिल्लो स्थानीय सरकारको पालामा सायद ७६ सालमा सत्यमोहन जोशीको प्रमुख आथित्यमा नेपाल प्रज्ञाप्रतिष्ठानमा भव्य रूपमा पाठ्यक्रमको औपचारिक रूपमा अनावरण भएको हो । तर वर्णको काम अधुरो रहेकाले त्यो समस्या हटाउने काम अहिले भइरहेको छ। अब फेरि यसलाई नयाँ बनाएर पुरै लागु गर्नुपर्ने हुन्छ ।" भाषा सिकाइको आधार बिन्दु वर्णमा नै अन्यौलता रहेपछि पूर्ण सिकाइ असम्भव नै हुन्छ। त्यसैले यस अध्ययनमा पनि वर्णको प्रभाव भाषा सिकाइमा परेको प्रस्ट बुझ्न सकिन्छ। सहभागी (ख) ले स्पष्ट पारेअनुसार खस भाषामा थप्नुपर्ने वर्णहरुको काम भइरहेको भन्ने छ भने आचार्य (सन २०२४) ले सिँजाली खस भाषाको वर्ण व्यवस्थाको अध्ययन गरी खस भाषामा ३० वटा व्यञ्जन वर्ण, ६ वटा स्वरवर्ण र १० वटा द्विस्वरहरूको निक्यौल भएको उल्लेख गरेका छन्। तर पनि अन्यौलमा रहेका केही वर्णको लिपि सङ्केत यो हुने भन्ने औपचारिक रूपमा स्पष्ट नभएको पाइएको छ। यस अनुसन्धानबाट खस भाषा शिक्षणको नतिजा प्रभावित हुनुमा वर्णको अन्यौलता एवम् समस्या मुख्य रहेको पाइएको छ। त्यसैले वर्णमा रहेको समस्या समाधान गर्नु अबको प्रमुख कार्य मानिन्छ

खस भाषामा भइरहेको शिक्षणको नतिजा प्रभावित हुनुमा एउटा विषयमा मात्र खस भाषाको पाठ्यपुस्तक तयार हुन पनि एउटा कारण देखिन्छ। सिँजा गाउँपालिकाले प्रारम्भ गरेको खस भाषामा शिक्षणको अभ्यासका सिलसिलामा खस भाषा र संस्कृति नामक एउटा मात्र पुस्तक प्रयोगमा ल्याएको पाइएको छ। जुन खस भाषामा शिक्षणभन्दा पनि खस भाषाको शिक्षण जस्तो देखिएको छ। जुन पुस्तक कक्षा १-३ सम्म एक-एक विषयको रूपमा अध्यापन योजनाको लागि तयार पारेको देखिन्छ। यस सन्दर्भमा सहभागी (क) ले प्रस्तुत गरेको धारणा यस्तो छ " धेरै विषय नेपालीमा पढ्नुपर्ने अनि एउटा मात्र खसमा कहाँ हुन्छ ? नेपालीमा अशुद्ध भनेको वर्ण र वाक्यलाई खस भाषामा शुद्ध भनेर सिकाउनुपर्ने हुँदा विद्यार्थीहरु द्विविधामा परेर पनि खासै खसमा प्रगति गर्न नसकेको होला जस्तो लाग्छ ।" नेपाली भाषाका विषयहरुको बाहुल्यताको प्रभाव र नेपाली भाषाका सामु खस भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु एकदमै कम भएको देखिन्छ। खस भाषामा पाठ्यक्रम तथा पाठ्यक्रम निर्माण गर्दा लक्षित कक्षाका लागि नेपाली र अङ्ग्रेजी बाहेक सबै खस भाषामा हुनुपर्नेमा एउटा मात्र विषयमा अध्यापन गर्दा छिपछिपे पानीमा ह्वेल माछा मार्ने उद्देश्य राखे जस्तो गरी खस भाषामा शिक्षणभन्दा पनि खस भाषाको शिक्षण गर्ने तरिका देखिएकाले खस भाषाको शिक्षणबाट प्रभावकारी नतिजा नआई शिक्षणको नतिजा कमजोर भएको कारण मान्न सकिन्छ।

खस मातृभाषामा शिक्षणको नतिजा कमजोर हुनुका कारणहरुमध्ये नेतृत्वको दवाव र पूर्वतयारी बिनै कार्यान्वयनमा जानुलाई अर्को समस्याको रूपमा हेर्न सकिन्छ। भाषा विकासको इतिहासलाई हेर्दा पौड्याल र भट्टराई (२०७७) ले कुनै पनि मातृभाषालाई शिक्षा लगायतका क्षेत्रमा पहुँचको भाषा बनाउनका लागि व्यापक छलफल, योजना, क्रमिकता, पहिचान विकास, स्थानीय इच्छा र सहभागिताको सम्बोधन, स्थानीय शिक्षक चयन, मातृभाषाका कक्षा व्यवस्थापन, सस्तो र सुलभ सामग्री, संस्थाहरूबाट सहयोग र दाताहरूको भर जस्ता विषयमा ध्यान दिएमा मातृभाषामा शिक्षा दिन सफल हुने तथ्य प्रस्तुत गरेका छन्। कुनै पनि योजना पूर्वतयारी गरी दूरदृष्टिका साथ लागु गरेमा सफल र सम्पन्न हुन सक्छ तर हतारमा देखाउनका लागि सम्पन्न गर्न खोजेको योजनाले आर्थिक हानी र समयको बर्बादी बाहेक केही उपलब्धि दिँदैन। यस अध्ययनमा सहभागीले प्रस्तुत गरेको तर्क, विचार र प्राप्त

तथ्याङ्क विश्लेषण नजिजाले पनि हतार र हचुवाका भरमा कार्यान्वयनमा लैजाँदा खस भाषामा शिक्षणको नतिजा कमजोर आएको पाइएको छ । यसलाई अझ प्रस्ट पार्न सहभागी (ख) को भनाइलाई यहाँ प्रस्तुत गरिन्छ "हामी चाहिँ लागिराख्या छौँ सर, वर्णहरुलाई सत्यापन नगरी भाषाका अरू समस्या समाधान नगरी हुँदैन तर नेतृत्वहरु परिणाम मात्र देखियोस् भन्ने बढी चाहन्छन् । एक किसिमको दबाब नै हुन्छ भनौँ । गरौँ न गरौँ भन्ने मात्र हुन्छ । परिणाम के होला भन्ने अनुमान कस्ले गर्ने ? यस्तै कारणले विद्यार्थीको सिकाइ नभएको हो ।" यहाँ सहभागीको भनाइलाई आधार मान्ने हो भने खस भाषामा शिक्षण गर्नुभन्दा पहिला वर्णलगायतका पूर्वतयारी विना स्थानीय सरकारको जोडबलमा सरासर कार्यान्वयनमा गएको देखिन्छ । संवादका समयमा सहभागी (ख) ले व्यक्त गरेको अर्को भनाइ यस्तो छ "हैन मैले त्यतिखैरै आलोचना गरेको विषय के थियो भने वर्ण नआइकन कसरी पाठ्यपुस्तक आउँछ भन्ने सवाल थियो । सबैभन्दा आधारभूत कुरा त वर्ण हो नि त ! अब अहिले आफै कार्यान्वयन गर्ने ठाउँमा आउँदा जसरी पनि कार्यान्वय गर्नुपर्ने भयो (हाँस्दै) ।" यसरी हेर्दा सर्वप्रथम टुङ्ग्याउनुपर्ने वर्ण लगायतका आधारभूत विषयहरू नटुङ्ग्याई कार्यान्वयनमा जाँदा प्रभावकारी र सार्थक नभएको देखिन्छ।

खस भाषामा शिक्षणको लागि अबको बाटोः

खस मातृभाषामा शिक्षण भए पनि त्यसको सकरात्मक परिणाम एवम् प्रभावकारिताका लागि अझै केही अपुग रहेको अध्ययनबाट देखिएकाले खस मातृभाषामा शिक्षणको लागि अबको बाटो के हुन सक्छ पहिचान गर्न आवश्यक देखिन्छ । भाषा सिकाइको आधारभूत तत्त्वको रूपमा रहने वर्णको विषयमा आवश्यक पूर्वतयारी नगरिकन शिक्षणमा जाँदा समस्या आएका कारण त्यसलाई निरूपण गर्नु पहिलो कार्य हुन जान्छ । यस विषयमा अध्ययनमा सहभागी (ख) को धारणा यस्तो रहेको छ "वर्णको सत्यापनको आधिकारिकता बाहिर नआएसम्म अलि गाह्रो भएको अवस्था हो सर । पठनका सवालमा, लेखनका सवालमा वर्ण नसिकाइकन हाम्रा बच्चाबच्चीलाई कसरी सिकाउन सकिन्छ र ? पहिला त विद्यार्थीहरुलाई हाम्रा वर्णहरु सिकाउनु पर्यो नि ! त्यसैले पहिला त्यो वर्णहरुको निक्यौंल भयो भने कुरा अघि बढ्छ । हामी त्यसमै छौँ ।" सहभागीले भनेअनुसार विद्यार्थीलाई भाषा सिकाउनु भन्दा पहिले वर्ण सिकाउनु पर्ने हुन्छ । त्यसका लागि वर्णको समस्या समाधान हुन जरुरी देखिन्छ । त्यसैले सिँजाको स्थानीय सरकारका लागि खस भाषामा शिक्षण पूर्ण कार्यान्वयन गराउने अबको पहिलो बाटो भनेकै वर्णसम्बन्धी समस्याको समाधान गर्नु हो।

सिँजाले प्रारम्भ गरेको खस मातृभाषामा शिक्षण कार्यक्रमको सफल कार्यान्वयन लागि अबको अर्को बाटो भनेको आवश्यक पूर्वतयारी र तालिमको आवश्यकता हो । कुनै पनि नवीन योजना तथा कार्यक्रमहरु पूर्वतयारीका साथ प्रारम्भ गरेमा अवश्य सफलताको विन्दुमा गएर टुङ्गिन्छन् । विना तयारी थालिएका हरेक कार्यहरु अलपत्र पर्ने सम्भावना रहन्छन् । सिँजा गाउँपालिकाले प्रारम्भ गरेको खस मातृभाषामा शिक्षणको प्रयोग पूर्ण कार्यान्वयन हुन नसक्नुमा वर्णको निक्यौंल, व्यापक छलफल, शिक्षक व्यवस्थापन, शिक्षकलाई तालिम, आवश्यक सामग्रीको व्यवस्थापन र स्रोतको सुनिश्चितता जस्ता पूर्वतयारी नभएकाले हो भन्न सकिन्छ । तालिमको आवश्यकताका सन्दर्भमा सहभागी (क) ले व्यक्त गरेको धारणा यस्तो रहको छ "शिक्षकमा पनि खासै जाँगर पैदा गरेन । धेरै गर्नुपर्छ । त्यसै शिक्षक र विद्यार्थीका हातमा पुस्तक राखेर सिक र सिकाउ भनेर मात्र काँ उपलब्धि देखिएला ? कम्तीमा यसरी सिकाउ भनेर तालिम पनि त हुनुपर्यो ।" यस विचारलाई मनन गर्ने हो भने पूर्वतयारीको रूपमा शिक्षकहरुलाई पनि प्रवोधीकरण तालिम दिनुपर्ने देखिन्छ। "बिलकुलै प्रशिक्षण प्राप्त नगरेका शिक्षकहरू प्रशिक्षण प्राप्त शिक्षकका तुलनामा शैक्षणिक दृष्टिले कमजोर नै हुन्छन्" (अधिकारी, २०६१, पृ. ८) । त्यसैले कम्तीमा नयाँ पाठ्यक्रम कार्यान्वयन गर्दा शिक्षकलाई तालिमलगायत आवश्यक सम्पूर्ण पूर्वतयारी गर्नुपर्ने हुन्छ । यहाँ खस मातृभाषामा शिक्षणको प्रयोगलाई प्रभावकारी बनाई सफल कार्यान्वयन गराउनका लागि खस वर्णहरुको निक्यौंल, तालिम तथा प्रबोधीकरण र आवश्यक सम्पूर्ण पूर्वतयारी तथा व्यवस्था गर्नुपर्ने देखिएको छ।

निष्कर्ष

खस भाषाको उत्थान र विकासका लागि सिँजा क्षेत्रमा खस मातृभाषामा शिक्षणको अभ्यास गरिनु नवीन र प्रशंसनीय कार्य भएको देखिन्छ। तथापि नेपाली र अङ्ग्रेजी बाहेक धेरै विषयहरूका पाठ्यपुस्तकहरु खस भाषामा हुनुपर्नेमा एउटा मात्र विषयको पाठ्यपुस्तक तयार गरेर खस भाषामा शिक्षणभन्दा पनि खस भाषाको शिक्षण अभ्यास थालेको देखिन्छ । शिक्षण अभ्यासपश्चात् खस भाषामा विद्यार्थीहरु अब्बल हुने अपेक्षाका विपरीत परिमाणात्मक नतिजा निकाल्दा कमजोर रहेको तथ्याङ्क प्राप्त भएको छ। परिमाणात्मक नतिजा पश्चात् गुणात्मक विधि र प्रकृयाहरु अबलम्वन गरी सहभागीहरुबाट लिइएको विचार तथा अनुभवहरुलाई विश्लेषण गर्दा खस वर्णको निर्क्यौल तथा आवश्यक पूर्वतयारीका विभिन्न कार्यहरूको अभावले खस भाषामा शिक्षण प्रभावकारी हुन नसकेको अवस्था देखिएको छ। त्यस्तै खस मातृभाषालाई नेपाली भाषाको तुलनामा अभिभावक समेतको अरुची, शिक्षकहरूमा आवश्यक तालिमको अभाव जस्ता तमाम कारणले खस भाषा शिक्षणको नतिजा प्रभावकारी एवम् अपेक्षित नभएको र खस भाषा शिक्षण कार्यमा विभिन्न चुनौतीहरु खडा भएको देखिन्छ। खस भाषामा शिक्षणको अवस्था र सम्भावना पहिचान गर्नुपर्ने मुख्य समस्या रहेको यस अध्ययनले वर्णको निर्कक्यौल, कोश तथा व्याकरणको निर्माण, शिक्षकलाई प्रवोधीकरणलगायत आवश्यक पूर्वतयारी र एउटा बाहेक अन्य विषयमा समेत खस भाषाका पाठ्यपुस्तक तयार गरेर शिक्षणको सुरूवात गरेमा खस मातृभाषामा शिक्षणको उच्च सम्भावना रहेको निष्कर्ष प्रस्तुत भएको छ। यसरी आवश्यक पूर्वतयारीका साथ योजनाबद्ध ढङ्गले शिक्षण कार्य सञ्चालन भएमा खस मातृभाषामा शिक्षण प्रभावकारी हुने र खस भाषा र संस्कृतिको संरक्षण एवम् संवर्धन पनि हुने देखिन्छ।

सन्दर्भ सूची

अधिकारी, विष्णुप्रसाद (२०७४), भाषिक नीति र भाषा शिक्षण, *शिक्षा पत्रिका,* पाठ्यक्रम विकास केन्द्र।

अधिकारी, हेमाङ्गराज (२०६१), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

आचार्य, ओमप्रकाश (सन् २०२४), सिँजाली खस भाषाको वर्णव्यवस्था, *शब्दसाधना जर्नल,* वर्ष ७, अङ्क १, पृ . १६४।

आचार्य, ओमप्रकाश (सन् २०२४), जुम्ली भाषाको वाक्यमा कालगत व्यवस्था, *स्पन्दन जर्नल,* भोलुम २, पृ. ६३।

आचार्य, ओमप्रकाश (सन् २०२४), जुम्ली भाषाको नाम र कोटिकर बीचको सङ्गति व्यवस्थाले नेपाली भाषाको सिकाइमा परेको प्रभाव, *स्पन्दन जर्नल,* भोलुम १४, पृ. ३०।

आचार्य, ओमप्रकाश (सन् २०२४), जुम्ली खस भाषाको रूपायन व्यवस्था, *जर्नल अफ दुर्गालक्ष्मी,* भोलुम ३, पृ. ३०४।

खत्री, प्रकाशचन्द्र (सन् २०२४), खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण, *एएमसी जर्नल,* भोलुम- ५, पृ. १४८।

खनाल, पेसल (२०८०), शैक्षिक अनुसन्धान पद्धति, सनलाइट पब्लिकेसन।

खान, अब्दुल सलाम (२०७६) शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन, भाषा आयोग।

गिरी, जीवेन्द्रदेव (२०८०), कर्णाली प्रदेशमा सरकारी कामकाजको भाषा : सिफारिस र कार्यान्वयन, *भाषालोक, अनुसन्धानमूलक पत्रिका,* भाषा आयोग।

पोखरेल, ताराप्रसाद (सन २०२४), आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपाय, *कन्या जर्नल,* भोलुम ५, पृ. ९८ ।

पौडेल, राजेन्द्रप्रसाद, भट्टराई रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

प्रधान, मीरा (सन २०२१), मातृभाषा शिक्षणमा देखापरेका चुनौतीहरु, *जेएमसी रिसर्च जर्नल*।

भट्टराई, देवीप्रसाद (२०६८), *शैक्षिक मनोविज्ञान,* क्वेस्ट पब्लिकेसन ।

नेपाल सरकार (२०२८), *शिक्षा ऐन,* कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७४) *स्थानीय सरकार सञ्चालन ऐन,* नेपाल कानुन आयोग ।

नेपाल सरकार (२०८१), *भाषा आयोगको वार्षिक प्रतिवेदन,* भाषा आयोग ।

रावत, रणबहादुर (२०७१), *पानसयदराका कक्षा आठका विद्यार्थीहरूको स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

शाही, खडकबहादुर (सन २०२४), भाषिक पृष्ठभूमिका दृष्टिकोणले बहुभाषिक कक्षा व्यवस्थापन, *इनोभेटिभ रिसर्च जर्नल,* भोलुम –३, पृ. ९८ ।

श्रेष्ठ, गोपालबहादुर (सन २०२१), नेपालका विद्यालयमा मातृभाषामा सिकाइको स्थिति, इन्टरडिसिप्लेनरी रिसर्च इन एजुकेसन, DOI: https://doi.org/१०.३१२६/ire.v^i२.४३५४४

शाही, खडकबहादुर (सन २०२४), भाषिक पृष्ठभूमिका दृष्टिकोणले बहुभाषिक कक्षा व्यवस्थापन, *इनोभेटिभ रिसर्च जर्नल,* भोलुम–३, पृ. ९८. DOIM https://doi.org/10.3126/irj.

हमाल, उषा (२०७४), मातृभाषामा शिक्षण, *शिक्षा पत्रिका*।